मिति २०७५ साल कार्तिक ६ गते गौरीगंगा नगरपालिका नगर प्रमुख श्रीमान भिम वहादुर वाज्यूको अध्यक्षतामा नगरकार्यपालिकाको वैठक वसी देहायमा उल्लेखित पदाधिकारीज्यूहरुको स्थितिमा देहायमा उल्लेखित प्रस्तावहरु माथि छलफल तथा निर्णय गरियो ।

स्थिति

| सं. | नामथर | पद | हस्ताक्षर |
|---|---|---|---|
| | श्री भिम वहादुर देउवा | नगर प्रमुख | |
| | श्री अन्चला चौधरी | नगर उप–प्रमुख | |
| | श्री जगतराम चौधरी | कार्यपालिका सदस्य | |
| | श्री जनक वहादुर साउँद | कार्यपालिका सदस्य | |
| | श्री नरेन्द्र वहादुर शाह | कार्यपालिका सदस्य | |
| ६ | श्री भागरथि विष्ट | कार्यपालिका सदस्य | |
| ७ | श्री जंग वहादुर वि.क. | कार्यपालिका सदस्य | |
| ८ | श्री कमला कुमारी शर्मा (ओझा) | कार्यपालिका सदस्य | |
| ९ | श्री दल वहादुर कुमाल | कार्यपालिका सदस्य | |
| १० | श्री तुलाराम सापकोटा | कार्यपालिका सदस्य | |
| ११ | श्री हरी प्रसाद तिवारी | कार्यपालिका सदस्य | |
| १२ | श्री पदम वहादुर ऐर | कार्यपालिका सदस्य | |
| १३ | श्री विनोद कुमार चौधरी | कार्यपालिका सदस्य | |

| | | |
|---|---|---|
| श्री हंस वहादुर नेपाली | कार्यपालिका सदस्य | |
| श्री नर सिंह सार्की | कार्यपालिका सदस्य | |
| श्री भक्त वहादुर वि.क. | कार्यपालिका सदस्य | |
| श्री मनमति देवी वुढा | कार्यपालिका सदस्य | |
| श्री अमृता देवी वि.क. | कार्यपालिका सदस्य | |
| श्री केशरानी कुमारी चौधरी | कार्यपालिका सदस्य | |
| श्री विनिता देवी वि.के. | कार्यपालिका सदस्य | |
| श्री कल्पना देवी रोकामगर (वि.क.) | कार्यपालिका सदस्य | |
| श्री वीर वहादुर शाही | प्रमुख प्रशासकिय अधिकृत | |

आमन्त्रीत

शा.अ. अकवद् चन्द

प्रस्तावहरु

१ कृषि समूह दर्ता र हाट वजार संचालन सम्वन्धमा ।

२ विद्यालय कानुनको मुद्दा सम्वन्धमा ।

३ नगरकार्यपालिकाको कार्यालयवाट प्रदान गरिने सेवाका सम्वन्धमा समिक्षा ।

४ संस्कृति प्रवर्दन शिर्षकमा विनियोजित वजेट वाँडफाँड सम्वन्धमा ।

५ सामाजिक विकास शाखाको लागि घर वहालमा लिने सम्वन्धमा ।

६ एकिकृत सम्पति कर व्यवस्थापन कार्यविधि २०७५ शंसोधन सम्वन्धमा ।

७ करार सेवामा कार्यरत कर्मचारीहरु लाईचाड खर्च व्यवस्था गर्ने सम्वन्धमा ।

निर्णयहरु

निर्णय नं.१ प्रस्ताव नं. १ माथि छलफल गर्दा गौरीगंगा नगरपालिका वडा नं.१ बस्ने प्रकास वहादुर थापा लगायत ११ जनाले कृषि उपज हाटवजार तथा संकलन केन्द्र स्थापनाका लागि यस कार्यालयमा पेश गरेको विनियमको अध्ययन गर्दा विनियमा कार्यक्षेत्र गौरीगंगा नगरपालिका भन्दा वाहिर समेत समेटेकाले विनियमा कार्यक्षेत्र यस नगरपालिका मात्र कायम र अन्य सुधार गर्नपर्ने आवश्यक वुँदाहरु सुधार गरी पेश गरेमा सामुदायिक कृषी समुहकोरुपमा दर्ता गर्ने निर्णय गरियो ।

निर्णय नं. २ प्रस्ताव नं. २ माथि छलफल गर्दा गौरीगंगा नगरपालिकाको नाममा सम्मानीत सर्वोच्च अदालतमा परेको रिट नं. ०७४-wo -०३१२ को रिटको शिक्षा सम्वन्धी विद्यालय कर्मचारी मुद्दामा लिखित जवाफ पेश गर्ने,आफै उपस्थित भै सम्मानित सर्वोच्च अदालतमा वहस पैरवी गर्ने,वारिस नियुक्त गर्ने लगायतका जो जे चाहिने मुद्दा सम्वन्धी सम्पूर्ण काम गर्नका लागि यस नगरपालिकाका कानूनी सल्लाहकार अधिवक्ता श्री गम्भिर सिंह ऐरलाई अक्तियारी प्रदान गर्ने साथै उक्त कार्यमा लाग्ने सम्पूर्ण खर्च रकम नगरकार्यपालिकाको कार्यालयको चालु आ.व.को विविध शर्षकमा विनियोजित रकमवाट व्यहोर्ने निर्णय गरियो ।

निर्णय नं.३ प्रस्ताव नं. ३ माथि छलफल गर्दा यस नगरकार्यपालिकाको कार्यालयका विविध गतिविधिहरु प्रशासनिक कामकारवाही योजना संचालन लगायतका विभिन्न विषयमा छलफल गरि समिक्षा गरियो साथै आगामी दिनमा नगरकार्यपालिकाको कार्यालयवाट प्रदान गरिने सेवा प्रवाहलाई चुस्त दुरुस्त एवं प्रवाहकारीरुपमा प्रदान गर्न निर्देशन दिने निर्णय गरियो ।

निर्णय नं.४ प्रस्ताव नं. ४ माथि छलफल गर्दा नगरसभावाट चालु आ.ब.०७५/०७६ कालागि सामाजिक विकास अन्तरगत संस्कृती प्रबर्धन शिर्षकमा विनियोजित रकम रु.५०००००/- वाट तपसिलमा उल्लेखित कार्यक्रमहरु सम्पन्न भएकाले भुक्तानी गर्ने निर्णय गरियो ।

तपसिल

४.१ नगर स्तरिय तिज कार्यक्रम रु.५००००/-

४.२ नगर स्तरिय आईतवारी पर्व रु.२५०००/-

४.३ अनन्ते पर्व व्यवस्थापन खर्च रु.१५०००/-

४.४ गौरा पर्व रु.२५०००/-

४.५ लिक्मा दशै व्यवस्थापन खर्च रु.५००००/-

कुल जम्मा रु.१६५०००/-

निर्णय नं.५ प्रस्ताव नं. ५ माथि छलफल गर्दा सामाजिक विकास शाखा प्रमुख महिला विकास अधिकृत कार्यालयमा हाजिर भै सक्नु भएको र सामाजिक विकास शाखा प्रमुखको कार्यकक्षका र महिला वालवालिका तथा समाज कल्याण उप शाखा स्थापनाका लागि नगरकार्यपालिकाको कार्यालयमा भवन अभाव भएकाले नगरकार्यपालिकाको नजिकै घर वहालमा लिई सामाजिक विकास शाखा प्रमुखको कार्यकक्ष र महिला वालवालिका तथा समाज कल्याण उप शाखा स्थापना गर्ने निर्णय गरियो ।

निर्णय नं.६ प्रस्ताव नं. ६ माथि छलफल गर्दा एकिकृत सम्पति कर व्यवस्थापन कार्यविधि २०७५ लाई शंसोधन गर्न वान्छनीय भएकोले उक्त कार्यविधिको दफा तथा उपदफामा उल्लेखित एकिकृत सम्पती कर शब्द को सट्टा सम्पतीकर उल्लेख गर्ने र आजैका मितिदेखी सम्पतीकरकारुपमा आय आम्दानी व्यवस्थापन गर्ने निर्णय गरियो ।

निर्णय नं.७ प्रस्ताव नं. ७ माथि छलफल गर्दा यस नगरकार्यपालिकाको कार्यालय तथा वडा कार्यालयमा सेवा करारमा कार्यरत कर्मचारीहरुले अन्य स्थायी कर्मचारीहरु सरह वर्षको एक पटक चाडवाड खर्च माग गरेकाले यस न.पा.को आन्तरिक श्रोतवाट व्ययभार व्यहोर्ने गरि वर्षको एक पटक निजहरुले खाईपाई आएको एक महिनाको तलव बराबर चाडवाड खर्च उपलब्ध गराउने निर्णय गरियो ।